जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ | अंक २२७ | २०८३ साल बैशाख १ गते मंगलबार (14 Apr 2026 Tuesday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : २०८२ राजनीतिक 'सुनामी' ... ३ पृष्ठमा : यस्तो छ प्रधानमन्त्रीसहित ... ३ पृष्ठमा : खाडी क्षेत्र तनाव चुलिँदै, ...

## प्रशासकीय भवन सार्ने विषयमा जनप्रतिनिधिहरु बीचमै विवाद



**दैनिक समाचारदाता राजविराज, ३० चैत ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको प्रशासकीय भवन सार्ने बिषयमा जनप्रतिनिधिहरुबीचमै विवाद चुलिएको छ ।

नगरपालिकाको चैत २७ गते सम्पन्न १६ औं नगरपरिषद्ले बहुमतबाट हाल वडा नं. १२ मा रहेको कार्यालयको प्रशासकीय भवनलाई वडा नं. ५ मा पशु अस्पताल प्रयोजनका लागि बनाइएको नवनिर्मित भवनमा सार्ने निर्णय गरेपछि विवाद चलिएको हो ।

उक्त निर्णयप्रति असन्तुष्टि जनाउँदै आएका एकपक्षले साविककै स्थान र भवनमा वा नयाँ भवन निर्माण गरी कार्यालय सारिनु पर्ने माग गर्दै आन्दोलन थालेका छन् ।

यसैक्रममा सोमबार पालिकाका वडा नम्बर २, ९, १०, १२ र १३ का वडाध्यक्ष क्रमशः सन्तोष कुमार यादव, हरिशचन्द्र वर्मा, रामलखन मण्डल, श्रीचन्द्र मुखिया, कुशेश्वर यादव तथा स्थानियवासीले कार्यालय अगाडी धर्ना दिनुका साथै नगरक्षेत्रमा विरोध प्रदर्शन गर्दै बजार समेत बन्द गराए ।

उनीहरुले नगरपालिका कार्यालयको प्रशासनिक कोठामा तालाबन्दी गरे । जसकारण कार्यालयको दैनिकी कामकाज प्रभावित बनेको थियो । तालाबन्दी गरिएको केही घण्टामै प्रहरीले उक्त ताला तोडेको नगर प्रमुख बिरेन्द्र माझीले जानकारी दिए ।

कुल १४ वटा वडा रहेको पालिकामा ५ जना वडाध्यक्षको सहमति बगैर बहुमतको आडमा मनोमानी र गोप्य ढंगले गरिएको निर्णय आफुहरुलाई कुनै पनि हालतमा स्विकार्य नभएको असंतुष्ट वडाध्यक्षहरुको अडान छ ।

वडाध्यक्ष हरिशचन्द्र वर्माले थोरै कार्यकाल बाँकी रहेका नगरप्रमुख बिरेन्द्र माझीले हतार हतारमा आफ्नो अनुकुल निर्णय गर्न थालेको आरोप लगाए ।

यता नगरप्रमुख विरेन्द्र माझीले बहुमत सदस्यको चाहना, सहज रुपमा सेवा प्रवाह तथा खर्च कटौती गर्ने उद्देश्यका साथ यस्तो निर्णय गरिएको बताएका छन् । उनले कार्यालयको आफ्नो नयाँ भवन निर्माण नभए सम्मका लागि प्रस्तावित पशु अस्पतालको नवनिर्मित भवन प्रयोग गर्ने निर्णय गरेका

*बाँकी अन्तिम पृष्ठमा*

## छात्रवृत्ति विवरण सार्वजनिक गर्न विद्यालयलाई शिक्षा मन्त्रालयको निर्देशन

काठमाडौँ, ३० चैत (रासस) ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी तथा सार्वजनिक विद्यालयलाई नियमबमोजिम प्रदान गरिएका छात्रवृत्ति विवरण सार्वजनिक गर्न निर्देशन दिएको छ ।

मन्त्रालयले सोमबार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गर्दै शिक्षा ऐन र नियमावली बमोजिम निजी तथा सार्वजनिक विद्यालयले विद्यार्थी सङ्ख्याका आधारमा तोकिए बमोजिम १० प्रतिशत छात्रवृत्ति प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे/नगरेको सम्बन्धमा अनुगमन र सहजीकरण गर्न स्थानीय तहलाई अनुरोधसमेत गरेको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## प्रेस स्वतन्त्रतामाथि अप्रत्यक्ष नियन्त्रण गर्ने सरकारी प्रयास भएको ठहर : पत्रकार महासंघ

**दैनिक समाचारदाता राजविराज, ३० चैत ।**

नेपाल पत्रकार महासंघले सरकारी सञ्चारमाध्यममा मात्रै विज्ञापन प्रकाशन, प्रसारण गर्ने सरकारी निर्णयको बिरोध गर्दै प्रेस स्वतन्त्रतामाथि अप्रत्यक्ष नियन्त्रण गर्ने सरकारी प्रयास भएको ठहर गरेको छ ।

महासचिव रामप्रसाद दाहालले सोमबार जारि गरेको विज्ञप्तिमा हेटौंडामा हालै सम्पन्न केन्द्रिय समितिको बैठकबाट जारि घोषणापत्रले उक्त ठहर गर्दै सरकारी नीतिले हाल देशभर सञ्चालनमा रहेका ४ सयभन्दा बढी रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइन मिडियाहरूको आर्थिक आधार कमजोर बनाउँदै ती संस्थाहरूको अस्तित्व मात्रै होइन, हजारौं पत्रकार, सञ्चारकमीर्, मजदुर र कर्मचारीको रोजगारी संकटमा पारेको उल्लेख छ ।

जारि विज्ञप्तिमा "विज्ञापनमा अप्रत्यक्ष रुपमा हुँदै आएको बेथिति नियन्त्रण गर्ने सरकारी प्रयास सकारात्मक छ । तर, यही नाममा सरकारी विज्ञापनलाई सरकारी सञ्चारमाध्यममा सीमित गर्ने जस्तो संविधान, कानुन, अन्तर्राष्ट्रिय मूल्यमान्यता, खुला बजार अर्थनीति र संघीयताको मर्मविपरीतको कार्य आपत्तिजनक र अस्वीकार्य छ ।" उल्लेख गर्दै "यसले निजी सञ्चारमाध्यमलाई आर्थिक रूपमा कमजोर बनाउँदै स्वतन्त्र पत्रकारितामाथि अप्रत्यक्ष दबाब र सेल्फ सेन्सरसीप सिर्जना गराएको छ ।"

दुर्गम गाउँगाउँसम्म पहुँचमा रहेका हजारौं सञ्चारमाध्यम बन्द हुँदा स्थानीय तहसम्म सूचना प्रवाह कमजोर भई नागरिकको सूचनाको हक कुण्ठित हुने देखिएको भन्दै सरकारी विज्ञापनमा लिइएको विभेदकारी निर्णयविरुद्ध देशव्यापी आन्दोलन गर्ने जनाइएको छ ।

उक्त परिपत्र तत्काल खारेज गरी सरकारी विज्ञापनमा भइरहेको बेथितिको अन्त्य गर्ने गरी विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउँदै निजी, सामुदायिक तथा सरकारी सबै सञ्चारमाध्यममा न्यायोचित रूपमा वितरण गर्न, संकटग्रस्त सञ्चार क्षेत्रलाई संरक्षण तथा प्रवर्द्धन गर्ने दीर्घकालीन नीतिगत व्यवस्थाका लागि समानुपालिका विज्ञापन प्रणाली लागू गर्न महासंघ सरकारसँग माग गरिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिवस्तरको निर्णयबाट भएको उक्त निर्देशन संघीयताको आधारभूत मर्मविपरीत छ । संविधान विपरीतको यस्तो निर्देशन अस्वीकार गर्न र विज्ञापन वितरणलाई पारदर्शी, समावेशी र समानुपातिक बनाउन प्रदेश र स्थानीय सरकारलाई महासंघले आह्वान गरेको छ ।

सोही विज्ञप्तिमा आर्थिक संकट भोगिरहेका स्वरोजगारलगायत सबैखाले मिडियाहरूको विकास र उत्थानका लागि विशेष योजना ल्याउन तीनै तहका सरकारसँग बैठकले गम्भीर ध्यानाकर्षण गराएको छ ।

**हार्दिक शुभकामना**

नव वर्ष २०८३ को सुखद अवसरमा समस्त ग्राहकवर्ग, बिज्ञापनदाता, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।





राजविराज दैनिक परिवार

**लोकतन्त्र दिवस, २०८२**

- ❖संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
- ❖नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
- ❖विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
- ❖सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
- ❖भ्रष्टाचार र अन्यायका विरुद्ध सचेत रहौं,
- ❖लोकतान्त्रिक मूल्य-मान्यता संरक्षणमा योगदान दिऔं।

सबल लोकतन्त्र, समृद्ध राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### नयाँ वर्षमा नयाँ सरकारको नयाँ योजना आवश्यक

नयाँ वर्ष २०८३ मा नयाँ उमङ्गका साथ अघि बढ्ने लक्ष्य सबैको रहेको छ। समयचक्र सँग सँगै हामी पनि पुरानो कुरालाई बिर्सेर अगाडी बढ्नु पर्ने आवश्यकता रहेको छ। यस्तै नयाँ वर्षसँगै मुलुकमा बनेको नयाँ सरकारले अर्थतन्त्रमा सूधारका लागि पहल थाल्नु आवश्यक छ। मुलुकको अर्थतन्त्र कमजोर बन्दै जाँदा मुलुक अझै अस्थिरता कायमै छ। तर, अहिले झण्डै दुई तिहाई बहुमतको सरकारले मुलुकमा रोजगारी सृजना, अर्थतन्त्रलाई बलियो, शिक्षा, स्वास्थ्य, भ्रष्टाचार उन्मूलन लगायतका क्षेत्रमा नयाँ योजना ल्याएर जनतालाई राहत दिनुपर्ने उत्तिकै आवश्यकता रहेको छ।

विगतका अवस्थालाई ख्याल गर्दै नयाँ वर्षमा नयाँ सरकार जोश र जागरका साथ मुलुकको अर्थतन्त्रलाई स्थिर अवस्थामा ल्याई जनतालाई राहत दिलाउनु पर्ने संकल्पका साथ अगाडी बढ्नु उत्तिकै जरुरी छ। यसका लागि सबै राजनीतिक दलको सहयोगका साथ अघि बढ्नु पर्ने आवश्यकता रहेको छ।

अन्तमा नव बर्ष २०८३ ले मुलुकमा विकासको नयाँ योजनाका साथै आर्थिक अवस्थामा सुधारको शुभकामनासहित सम्पूर्ण पाठक, बिज्ञापनदाता, शुभचिन्तक, जिल्लावासी एवं देशबासीमा सुस्वास्थ्य, दिर्घायु, सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# २०८२ राजनीतिक 'सुनामी' को वर्ष

**नारायण न्यौपाने र अशोक घिमिरे**

काठमाडौं, ३० चैत (रासस)।

राजनीतिक दृष्टिले वर्ष, २०८२ निकै उथलपुथलपूर्ण रह्यो। तर वर्षको अन्त्यतिर मुलुकको शान्ति, स्थायित्व र समृद्धिका लागि नयाँ जनादेशसहित स्पष्ट मार्गनिर्देश प्राप्त भयो। वर्ष २०८२ को मध्यतिर 'जेनजी' को विद्रोहपूर्ण आन्दोलनले एउटा मार्गबाट हिँडिरहेको राजनीतिलाई नयाँ शिराबाट अघि बढाउन हस्तक्षेपकारी भूमिका निर्वाह गरेको छ।

जेनजी आन्दोलनकै बलमा तत्कालीन सरकार विस्थापन र प्रतिनिधिसभा विघटन भई पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गठित नागरिक सरकारले फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गराएपछि मुलुकले नयाँ सरकार प्राप्त गर्‍यो। निर्वाचनमा विगतमा सत्तासिन तथा पुराना राजनीतिक दलहरू पराजित भई राष्ट्रिय स्वतन्त्र पार्टीले झन्डै दुईतिहाइको जनादेश प्राप्त गर्न सफल भयो।

नेपालको लोकतान्त्रिक आन्दोलनको अगुवाइ गरिरहेका ती दलहरू वर्ष २०८२ को अन्त्यतिर राजनीतिक रूपमा खुम्चिन पुगेका छन्। नेपाली कांग्रेसमा विशेष महाधिवेशनबाट गगनकुमार थापाको नेतृत्वमा पार्टीभित्र बदलाव आएको छ भने यसअघि संस्थापनमा रहेको शेरबहादुर देउवा पक्ष असन्तुष्ट छ। कांग्रेसभित्रको आधिकारिताका मुद्दा अहिले पनि न्यायालयमा विचाराधीन छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले दोस्रो विधान महाधिवेशन र एघारौं राष्ट्रिय महाधिवेशन यसै वर्ष सम्पन्न गरेको छ। पार्टीको नेतृत्वमा केपी शर्मा ओली पुनःनिर्वाचित भएको सन्दर्भ राजनीतिक पुस्तान्तरणको सवाल भने आलोचनाको घेराट मुक्त हुन सकेको छैन। प्रतिनिधिसभा निर्वाचनमा पराजयपश्चात एमालेभित्र विशेष महाधिवेशन वा पुस्तान्तरणको बहस चर्किएको छ।

दुई दर्जन बढी वाम घटक तथा राजनीतिक समूहलाई समाहित गरी निर्वाचनमा होमिएको नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले पनि निर्वाचनमा अपेक्षाकृत परिणाम ल्याउन सकेन। 'जनयुद्ध'बाट उदाएको तत्कालीन नेकपा (माओवादी) मूलधार रहेको पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सो पार्टी अहिले विशेष महाधिवेशनको तयारीमा जुटेको छ। सो पार्टीका प्रभावशाली मानिएका नेता जनार्दन शर्मा, सुदन किरातीलगायतले नीति र नेतृत्वमाथि प्रश्न उठाउँदै दल परित्याग गरे।

पुराना दलहरू आलोचित भएर नयाँ राजनीतिक दल ठूलो दलका रूपमा उदाउने वर्षका रूपमा २०८२ चित्रित भयो। विद्यमान निर्वाचन प्रणालीबाट कुनै एक दलको बहुमत नआइरहेको अवस्थालाई चिर्दै यसपटक रास्वपाले एक्लै १८२ स्थानमा विजयी हासिल गरेसँगै गठबन्धन गरी सरकार बनाउनुपर्छ भन्ने भाष्यलाई अन्त्य गरिदिएको छ। नेपालको संविधान, २०७२ जारी भएपश्चातका निर्वाचनमा कुनै एक दलले स्पष्ट बहुमत ल्याएको यो नै पहिलो पटक हो।

निर्वाचनपूर्वको सङ्कल्पबमोजिम सो पार्टीले वरिष्ठ नेता बालेन्द्र शाहलाई प्रधानमन्त्रीको जिम्मेवारीमा पदासिन गरायो। संसद् विघटन, निर्वाचन र नयाँ सरकार गठन यो वर्षको महत्वपूर्ण राजनीतिक घटनाका रूपमा स्थापित भयो। यही चैत १३ गते नेपालको संविधानको धारा ७६ (१) बमोजिम बहुमत प्राप्त दल रास्वपाका संसदीय दलका नेता शाह प्रधानमन्त्रीमा नियुक्त हुनुभयो।

शाह नेतृत्वको वर्तमान सरकार तुलनात्मक रूपमा समावेशीयुक्त, उल्लेख्य युवा प्रतिनिधिमूलक र सानो आकारको रहेको छ भने सरकारले सुरुआती दिनदेखि नै निर्वाचनमा गरिएका वाचापत्रबमोजिम शासकीय सुधारसम्बन्धी १०० कार्यसूची कार्यान्वयनमा ल्याएको छ।

प्रधानमन्त्री शाहले सत्ताको बागडोर सम्हालेसँगै विगतमा देखिएजस्ता कमीकमजोरी नदोहोरिने स्पष्ट सङ्केत देखिएको छ। यहाँस्थित कूटनीतिक नियोगको प्रमुख तथा राजदूत एक्लाएक्लै भेट नदिई सामूहिक भेटबाट नयाँ सरकारको प्राथमिकता र सन्देश प्रवाह गर्नुभएका प्रधानमन्त्री शाहले राज्य संयन्त्रको प्रणालीगत सुधारमा विशेष ध्यान केन्द्रित गरेको देखिएको छ।

सरकारका यी सकारात्मक प्रयासहरूले वर्ष २०८२ को सुधारिएको राजनीति आगामी वर्षका लागि प्रेरणाको स्रोतका रूपमा रहने ठानिएको छ। शताब्दी पुरुष एवं राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य गौरीशङ्करलाल दास वर्ष २०८२ राजनीतिक 'सुनामी'का रूपमा देखिएको बताउनुहुन्छ। जनताको भावनाअनुसार सरकार अघि बढ्न सक्नुपर्छ भन्दै उहाँले वर्तमान सरकारले थालेका सुरुआती कदम अत्यन्त सकारात्मक रहेको बताउनुभयो।

निर्वाचनबाट गठित प्रतिनिधिसभाले यसबीचमा आफ्नो नेतृत्व पनि चयन गरेको छ। सभामुखमा डोलप्रसाद अर्याल र उपसभामुखमा रुबीकुमारी ठाकुर निर्वाचित भई संसदीय गतिविधिलाई रफ्तारमा अघि बढाउने क्रम सुरु भइसकेको छ। राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक व्यवस्थाअनुरुप प्रतिनिधिसभाको निर्वाचनपछि सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्नुभयो।

यसै वर्षको भदौ २३ र २४ गते भएको युवापुस्ताको विद्रोहका क्रममा ७६ जनाको निधन भयो। ४५ जनालाई 'जेनजी सुशासन योद्धा' घोषित गरी राज्यका तर्फबाट राहत तथा क्षतिपूर्ति प्रदान गरियो। आन्दोलनकै क्रममा भदौ २४ गते नेपालको प्रमुख प्रशासकीय केन्द्र सिंहदरबारसहित सङ्घीय संसद् भवन, सर्वोच्च अदालत, शीतलनिवाससहितका महत्वपूर्ण सम्पदा र संरचना जलेर क्षतिग्रस्त भए। सरकारी र निजी क्षेत्रका गरी करिब ७६ अर्ब रुपैयाँबराबरको क्षति भएको सरकारी आँकडाले देखाएको छ।

वर्ष २०८२ मै चर्चित घटनाका रूपमा सङ्घीय निजामती सेवा विधेयक रहन पुग्यो। प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट पारितका क्रममा विधेयकमा 'कुलिङ पिरियड'का सवालमा निजामती प्रशासनका मुख्यसचिवलगायत उच्च तहका कर्मचारीको राजनीतिक 'लबिङ' र समिति सभापतिको लापरवाही संसदीय इतिहासमा लज्जास्पद घटनाका रूपमा दर्ज भएको छ।

यसै वर्षको प्रतिनिधिसभाको बैठकमा 'भिजिट भिसा'मा अनियमिततासम्बन्धी विषय ज्वलन्तरूपमा मात्रै उठेन, तत्कालीन गृहमन्त्री रमेश लेखकको राजीनामाको माग गरेर तत्कालीन प्रतिपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टीले लामो समय सदनमा अवरोधदेखि बहिष्कारसम्म गर्न पुगेको थियो।

नवगठित सरकारले जेनजी आन्दोलनका घटनाको छानबिन गर्न गठित उच्चस्तरीय आयोगको सिफारिसका आधारमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको सन्दर्भ पनि राष्ट्रिय तथा अन्तरराष्ट्रिय चर्चाको विषयका रूपमा रह्यो। हाल उहाँहरू अदालतको आदेशबमोजिम हाजिरी जमानीमा रिहा हुनुभएको छ।

जलवायु परिवर्तनका मुद्दामा विश्व समुदायलाई एकै मञ्चमा ल्याउन यसै वर्षको जेठको पहिलो साता काठमाडौंमा 'सगरमाथा संवाद' भव्य रूपमा सम्पन्न भयो। यस अन्तरराष्ट्रिय सम्मेलनमार्फत नेपालले हिमालदेखि समुद्रसम्मको सुरक्षाको मुद्दालाई वैश्विक महत्व सृजना गर्न सफल भएको छ।

**वर्ष २०८२ मा राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रका मुख्य घटनाक्रमः**

**वैशाख १३:** पूर्वस्वास्थ्य राज्यमन्त्री एवं नेपाली कांग्रेस काठमाडौंका पूर्वसभापति तीर्थराम डङ्गोलको ७७ वर्षको उमेरमा निधन।

**वैशाख १७:** पेसागत माग राखेर २९ दिनदेखि राजधानीकेन्द्रित सडक आन्दोलनमा उत्रेका शिक्षक तथा कर्मचारी र सरकारबीच नौ बुँदे सहमति।

**वैशाख २३:** वामपन्थी नेता प्रदीप नेपालको ७१ वर्षको उमेरमा निधन।

**जेठ ३:** सगरमाथा संवाद सम्पन्न, २५ बुँदे घोषणा।

**जेठ ६:** नेपाल राष्ट्र बैंकको गभर्नरमा डा विश्व पौडेल नियुक्त।

**जेठ ७:** भिजिट भिसामा मानव तस्करी गरेको आरोपमा अध्यागमनका सहसचिव तीर्थराज भट्टराई प्रहरी नियन्त्रणमा।

**जेठ १३:** पर्वतारोही कामिरिता शेर्पाद्वारा ३१औँ पटक सगरमाथाको आरोहण गरी आफ्नै कीर्तिमानी भङ्ग।

**जेठ १५:** सरकारद्वारा आर्थिक वर्ष २०८२/८३ का लागि १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट प्रस्तुत।

**असार १:** नेपाल विद्युत् प्राधिकरणद्वारा बङ्गलादेश विद्युत् निर्यात सुरु।

**असार २:** पूर्वमन्त्री एवं नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य ढुण्डीराज शास्त्रीको ९० वर्षको उमेरमा निधन।

**असार ५:** दैलेखमा ११२ अर्ब घनमिटर प्राकृतिक ग्यास रहेको पुष्टि।

**असार १०:** सरकारद्वारा भिजिट भिसा प्रकरण छानबिनका लागि उच्चस्तरीय समिति गठन।

**असार १५:** निजामती विधेयक प्रतिनिधिसभाबाट पारित।

**असार २४:** नेपाल-चीन सीमानाका भएर बग्ने रसुवाको ल्हेन्देखोलामा अकस्मात् आएको बाढीमा परी नौ जनाको मृत्यु, १९ बेपत्ता।

**साउन ९:** नेपाल सरकारद्वारा इरानको जेलमा थुनामा रहेका ४७ जना नेपाली महिलाको सकुशल उद्धार।

**भदौ २३:** काठमाडौंमा जेनजी पुस्ताले गरेको प्रदर्शनका क्रममा १९ जनाको मृत्यु। प्रदर्शन हिंसात्मक भई ठूलो सङ्ख्यामा युवाको ज्यान गएपछि नैतिकताका आधारमा गृहमन्त्री रमेश लेखकद्वारा पदबाट राजीनामा।

**भदौ २४:** प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामा। राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदद्वारा सामूहिक राजीनामाको घोषणा।

**भदौ २५:** ११ हजार ५०५ कैदी जेल फोडेर फरार।

**भदौ २७:** राष्ट्रपति रामचन्द्र पौडेलद्वारा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त। प्रधानमन्त्रीको शपथग्रहणलगत्तै प्रतिनिधिसभा विघटनको सिफारिस। आठ राजनीतिक दलद्वारा प्रतिनिधिसभा विघटनप्रति असहमति।

**भदौ ३०:** सरकारद्वारा भदौ २३/२४ गतेको जेनजी आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने व्यक्तिलाई सहिद घोषणा तथा सहिद परिवारलाई १५ लाख रुपैयाँका दरले क्षतिपूर्ति उपलब्ध गराउने निर्णय।

**असोज ५:** सरकारद्वारा भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबारे उच्चस्तरीय न्यायिक जाँचबुझ आयोग गठन।

**असोज ८:** पुनर्निर्माण र निर्वाचनमा सरकारको ध्यान, सरकारी खर्चमा व्यापक कटौती गर्ने निर्णय।

**असोज १०:** राष्ट्रिय मानवअधिकार आयोगद्वारा भदौ २३ र २४ गतेको जेनजी पुस्ताको प्रदर्शनका क्रममा भएको घटनाको अनुगमन प्रतिवेदन सार्वजनिक। सरकारद्वारा सेवानिवृत्त भइसकेका पूर्वराजनीतिक तथा प्रशासनिक पदाधिकारीलाई प्रचलित कानुनमा उल्लेख भएका स्वीकृत मापदण्डबमोजिमबाहेकका सुविधा कटौती।

**असोज १२:** भदौ २३/२४ गतेको जेनजी आन्दोलनका सन्दर्भमा जाँचबुझ एवं अध्ययन गर्न गठित उच्चस्तरीय न्यायिक जाँचबुझ आयोगद्वारा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीसहित पाँच जनालाई विदेश भ्रमणमा रोक लगाउन पत्राचार।

**असोज २१:** सरकारद्वारा असोज १७ देखि १९ गतेसम्म परेको अविरल वर्षाका कारण आएको बाढीपहिरोबाट घरबास गुमाएकालाई तत्काल अस्थायी आवास निर्माणका लागि अनुदान दिने निर्णय।

**असोज २८:** पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाद्वारा कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई प्रदान।

**कात्तिक १:** जिल्ला प्रशासन काठमाडौंद्वारा विभिन्न स्थानमा दुई महिनासम्म भेला, प्रदर्शन, धर्ना

बाँकी तीन पृष्ठमा

# यस्तो छ प्रधानमन्त्रीसहित मन्त्रीहरूको सम्पत्ति विवरण

काठमाडौँ, ३० चैत (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाह र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आइतबार सम्पत्ति विवरण सार्वजनिक गरेको हो।

प्रधानमन्त्री शाहकी पत्नी सविना काफ्लेको नाममा रहेको १९० तोला सुन पैत्रिक रूपमा प्राप्त भएको उल्लेख छ। काठमाडौँ धनुषा र महोत्तरीमा बुबाआमाको नाममा घरजग्गा रहेको जनाइएको छ।

सामाजिक सञ्जालबाट एक करोड ४६ लाख रुपैयाँ आम्दानी गरेको विवरण उल्लेख गर्नुभएको छ।

**अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सम्पत्ति विवरणमा** चारवटा घर र अपार्टमेन्ट रहेको उल्लेख गर्नुभएको छ। उहाँको सम्पत्ति विवरणमा विदेशको जागिर सम्पत्तिको मुख्य स्रोत रहेको देखाउनुभएको छ। बैंकमा एक करोड ९० लाख रुपैयाँ र ४५ तोला सुन उहाँको विवरणमा समावेश छ। विभिन्न जलविद्युत् आयोजना, एक विकास बैंकमा सेयर रहेको जनाउनुभएको छ।

**गृहमन्त्री सुधन गुरुङको** धनकुटामा १९ रोपनी १५ आना जग्गा रहेको सम्पत्ति विवरणमा उल्लेख छ। सो जग्गा लगानीबाट जोडेको उल्लेख गर्नुभएको छ।

उहाँका पिता दिलबहादुरको नाममा चितवनको भरतपुर १८ गुञ्जनगरमा ३० कट्ठा र बाजे रामसलको नाममा गोरखाको चुनतुब्रीमा २ सय २१ रोपनी जग्गा रहेको छ। गृहमन्त्री गुरुङको सेयर मार्केटमा चार करोड ३१ लाख रुपैयाँ बढी लगानी रहेको छ। ८९ तोला सुन र विभिन्न कम्पनीमा सेयर लगानी रहेको उल्लेख गर्नुभएको छ।

**परराष्ट्रमन्त्री शिशिर खनालका** बुबा सूर्यभक्त खनालको नाममा काठमाडौँमा पाँच आनाको घर छ। बुबाकै नाममा तनहुँ, नवपुर र नेपालगन्जमा २८ रोपनी दुई कट्ठा जग्गा छ। त्यसैगरी १३ लाख रुपैयाँ नगद र २२ तोला सुन रहेको विवरणमा उल्लेख गर्नुभएको छ। उहाँको र श्रीमतीको नाममा विभिन्न कम्पनीमा सेयर रहेको छ।

**ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले** १५ तोला सुन र ५० तोलामा चाँदी रहेको सम्पत्ति विवरणमा उल्लेख गर्नुभएको छ। वीरेन्द्रभक्त श्रेष्ठ र विकास श्रेष्ठका नाममा घर, विभिन्न बैंकमा ६४ लाख ६३६ रुपैयाँ नगद रहेको छ। उहाँसँग विभिन्न कम्पनीको सेयर र सवारीसाधन पनि रहेको छ।

**कानुन न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमको** काठमाडौँ र चितवनमा घर रहेको विवरण सार्वजनिक गर्नुभएको छ। श्रीमान्का नाममा काठमाडौँमा र सासूका नाममा चितवनमा घर रहेको उल्लेख गर्नुभएको कानुनमन्त्री गौतमसँग १० लाख ५० हजार रुपैयाँ नगद विभिन्न बैंकमा मौज्दात छ। राष्ट्रिय वाणिज्य बैंकबाट २० लाख रुपैयाँ ऋण लिएकामा सात लाख रुपैयाँ चुक्ता गरेको उहाँले सम्पत्ति विवरणमा समावेश गर्नुभएको छ। यस्तै, एभरेष्ट बैंकबाट उहाँले ऋण लिनुभएको देखिन्छ भने उहाँको १५ तोला सुन, एक तोला हीरा र नौ तोला चाँदी रहेको छ।

महिला बालबालिका तथा ज्येष्ठ **नागरिकमन्त्री सीता बादीको** २० वटा कुखुरा र एउटा कुकुर रहेको छ। उहाँसँग एउटा स्कुटर, तीनवटा ल्यापटप र दुईवटा मोबाइल छ। यस्तै, श्रीमान्का नाममा एउटा पल्सर मोटरसाइकल छ। उहाँको नाममा नगद ५० हजार रुपैयाँ, बैंकमा श्रीमान् र उहाँका नाममा १५ लाख रुपैयाँ बराबरको नगद रहेको विवरणमा समावेश छ। मन्त्री बादीको १८ तोला सुन, १५ तोला चाँदी छ। सुन र चाँदी विवाहमा प्राप्त भएको सम्पत्ति विवरणमा समावेश छ। त्यस्तै, सुर्खेतमा ८९.६५ वर्गमिटर जग्गा रहेको उल्लेख छ।

**भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनिल लम्सालको** ९० लाख रुपैयाँ बराबरको नगद बैंकमा रहेको सम्पत्ति विवरणमा उल्लेख छ। उहाँसँग ३० तोला सुन, ५० तोला चाँदी र परिवारको नाममा रुपन्देहीमा एक कट्ठा १० धुर जग्गामा रहेको घर, नवलपरासीमा १० कट्ठा १५ धुर जग्गा, स्याङ्जामा सात रोपनी खेत र २२ रोपनी बारी रहेको मन्त्री लम्सालले आफ्नो सम्पत्ति विवरणमा समावेश गर्नुभएको छ।

**सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले** काठमाडौँमा रहेको घर श्रीमान्को आयका रूपमा उल्लेख गर्नुभएको छ। यस्तै, काठमाडौँ र बारामा जग्गा रहेको उल्लेख गर्नुभएको छ भने उहाँसँग २५ तोला सुन, विभिन्न बैंकमा रु २४ लाखबराबरको बचत रहेको विवरणमा समावेश छ। उहाँको २० लाख रुपैयाँ बराबरको ऋण र ४४ लाख रुपैयाँबराबरको गाडी रहेको छ।

**कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीको** पाँच तोला सुन र एक सय तोला चाँदी रहेको छ। विभिन्न बैंकमा एक लाख २६ हजार रुपैयाँ मौज्दात रहेको उल्लेख गर्नुभएको उहाँले माइतीले दिएको दुईवटा बाख्रा र १० वटा कुखुरा रहेको विवरणमा समावेश छ।

**उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवको** काठमाडौँ र महोत्तरीमा जग्गा रहेको छ। उहाँसँग १८० तोला सुन, दुई किलो चाँदी, दुई सेट हिराको गहना रहेको सम्पत्ति विवरणमा समावेश गर्नुभएको छ। यस्तै, विभिन्न बैंकमा बचत र विभिन्न कम्पनीमा तीन करोड ३८ लाख रुपैयाँबराबरको लगानी रहेको छ।

**स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री निशा मेहताको सा**सूससुराको नाममा घर जग्गा रहेको उल्लेख गर्नुभएको छ। यस्तै, ३० तोला सुन र ५० तोला चाँदी रहेको छ। विभिन्न बैंकका बचत, विभिन्न कम्पनीको सेयर तथा एउटा सवारीसाधन रहेको उहाँको सम्पत्ति विवरणमा उल्लेख छ।

**संस्कृति पर्यटन तथा नागरिक उड्यनमन्त्री खड्कराज पौडेलको** भाउजु सन्तोषी शर्माको नाममा पोखरा महानगरपालिका-१४ मा दुई करोड ६० रुपैयाँमा खरिद गरेको घर रहेको उल्लेख गर्नुभएको छ। पोखरामा पैत्रिक रूपमा प्राप्त भएको जग्गा, ११ तोला सुन र पाँच तोला चाँदी रहेको उहाँको सम्पत्ति विवरणमा समावेश छ। विभिन्न बैंक र सहकारीमा नगद तथा ऋण लिएको समेत उल्लेख गर्नुभएको छ।

**सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले** श्रीमतीको नाममा काठमाडौँमा घर रहेको उल्लेख गर्नुभएको छ। स्वदेश तथा विदेशमा गरेको कार्यबापतको तलबभत्ता र आम्दानीबाट घर जग्गा खरिद गरेको सञ्चारमन्त्रीले जनाउनुभएको छ। उहाँको विवाहमा पुर्ख्यौली सम्पत्तिबाट किनेको तथा उपहार प्राप्त गरेको सुन र चाँदी, १० लाख ३४ हजार ३८६ रुपैयाँ बराबरको बचत रहेको छ।

**श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामजी यादवको** सप्तरीमा पैत्रिक रूपमा प्राप्त घर तथा जग्गा रहेको छ। उहाँको ८० तोला सुन र १५० तोला चाँदी, विभिन्न बैंकमा नगद रहेको जनाइएको छ।

## २०८२ राजनीतिक ...

र जुलुसजस्ता विरोधका कार्यक्रम गर्न निषेध घोषणा।

**कात्तिक १२:** प्रतिनिधिसभा विघटन र सरकारविरुद्ध रिटमा अन्तरिम आदेश जारी गर्न सर्वोच्च अदालतद्वारा अस्वीकार।

**कात्तिक १७:** सरकारद्वारा जेनजी आन्दोलनका क्रममा काठमाडौँसहित विभिन्न जिल्लामा मृत्यु भएका ४५ जनालाई सहिद घोषणा।

**कात्तिक १९:** नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) सहित १० वाम पार्टीबीच एकता घोषणा।

**मङ्सिर ४:** राष्ट्रिय सुरक्षा परिषद् बैठकले आगामी फागुन २१ हुने प्रतिनिधिसभा निर्वाचनको सुरक्षार्थ नेपाली सेना परिचालन गर्न मन्त्रिपरिषद्लाई सिफारिस।

**मङ्सिर २५:** मन्त्रिपरिषद्बाट सरकार-जेनजी सम्झौता अनुमोदन, प्रधानमन्त्री र जेनजी प्रतिनिधिबीच भएको १० बुँदे सम्झौता राजपत्रमा प्रकाशित गर्ने निर्णय।

**मङ्सिर २९:** सरकारद्वारा फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन सुनिश्चित गर्न विभिन्न राजनीतिक दल र सरोकारवालासँग वार्ता गर्न उच्चस्तरीय राजनीतिक संवाद समिति गठन।

**पुस ३:** नेपाल कम्युनिस्ट पार्टी (एमाले)को ११औँ अधिवेशनबाट अध्यक्ष पदमा पुनः केपी शर्मा ओली निर्वाचित।

**पुस १३:** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र काठमाडौँ महानगरपालिकाका प्रमुख वालेन्द्र (बालेन) शाहबीच सात बुँदे सहमति।

**पुस १७:** नेपाली कांग्रेसको १५औँ अधिवेशन स्थगित।

**पुस १८:** नेपाली कांग्रेसको १४औँ महाधिवेशनबाट निर्वाचित कार्यसमितिको पदावधि २०८३ जेठ मसान्तसम्म थप्दै १५औँ महाधिवेशन आगामी वैशाखमा गर्ने निर्णय।

**पुस २०:** भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगले नेकपा (एमाले)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको बयान।

**पुस २६:** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सँग एकता भएको १२ दिनमै छुट्टिएर पूर्वमन्त्री कुलमान घिसिङ उज्यालो नेपाल पार्टीको अध्यक्षको जिम्मेवारीमा।

**पुस २७:** नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशन प्रारम्भ।

**माघ २:** निर्वाचन आयोगद्वारा नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगनकुमार थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई वैधानिकता र आधिकारिक मान्यता प्रदान।

**माघ ४:** नेपाली कांग्रेसको आन्तरिक विवाद अदालतमा प्रवेश।

**फागुन २१:** मुलुकभर एकैसाथ शान्तिपूर्ण रूपमा प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न।

**चैत ११:** राष्ट्रपतिसमक्ष प्रतिनिधिसभाका ज्येष्ठ सदस्यका रूपमा नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीको शपथ।

**चैत १२:** प्रतिनिधिसभाका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीसमक्ष सांसदहरूको शपथ।

**चैत १३ :** राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका नेता वालेन्द्र शाह प्रधानमन्त्रीमा नियुक्त, १५ सदस्यीय मन्त्रिमण्डल गठन।

**चैत १४:** तत्कालीन पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखक अनुसन्धानका लागि प्रहरी नियन्त्रणमा।

**चैत २२:** प्रतिनिधिसभाको सभामुखमा डोलप्रसाद अर्याल निर्वाचित।

**चैत २६:** पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई हाजिर जमानीमा छाड्न अदालतको आदेश।

**चैत २७:** राष्ट्रपति रामचन्द्र पौडेलबाट सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन।

## विश्व समाचार

### खाडी क्षेत्र तनाव चुलिँदै, वार्ता अन्योलमा

पेरिस, ३० चैत (रासस/एएफपी)।

मध्य पूर्वमा जारी तनाव निर्णायक मोडतर्फ उन्मुख देखिएको छ। अमेरिका र इरानबीचको वार्ता असफल भएपछि सैन्य दबाब, तेल बजारको उछाल र क्षेत्रीय द्वन्द्वहरू एकसाथ तीव्र बन्दै गएका छन्, जसले युद्धको जोखिम थप बढाएको सङ्केत दिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरान वार्तामा फर्किए पनि नफर्किए पनि आफूलाई फरक नपर्ने स्पष्ट पार्नुभएको छ। फ्लोरिडाबाट फर्केपछि मेरिल्यान्डस्थित जोइन्ट बेस एन्ड्रुजमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाँले इरानसँग सम्झौता नभए पनि अमेरिका आफ्नो रणनीतिमा अडिग रहने बताउनुभयो। यसैबीच, पाकिस्तानमा सप्ताहन्तमा भएको वार्ता निष्कर्षविहीन बनेपछि कूटनीतिक प्रयास झनै कमजोर भएको देखिएको छ। तनावलाई थप चर्काउने गरी अमेरिकी सेनाले सोमबारदेखि इरानी खाडी बन्दरगाहहरूमा नाकाबन्दी लागू गर्ने घोषणा गरेको छ। युएस सेन्ट्रल कमान्डका अनुसार होर्मुज जलडमरूमध्य आसपासका इरानी बन्दरगाहहरूमा आवतजावत गर्ने सबै जहाजमाथि निगरानी र नियन्त्रण गरिनेछ। यद्यपि अन्य देशका जहाजहरूको स्वतन्त्र आवागमनमा अवरोध नपारिने जनाइएको छ। विश्वको करिब पाँचौं भाग तेल आपूर्ति हुने यस रणनीतिक जलमार्गमा यस्तो कदमले विश्व बजारमै असर पार्ने अनुमान गरिएको छ। इरानले भने यस्तो कदमलाई अस्वीकार्य भन्दै कडा प्रतिक्रिया जनाएको छ। रिभोलुसनरी गार्ड्सले होर्मुज क्षेत्रमा आफ्नो पूर्ण नियन्त्रण रहेको दाबी गर्दै कुनै पनि उक्साहटको जवाफ कडा रूपमा दिने चेतावनी दिएको छ। इरानी नौसेनाका प्रमुखले अमेरिकी कदमलाई 'हास्यास्पद' भन्दै आफ्नो सेनाले क्षेत्रका सबै गतिविधिमा निगरानी गरिरहेको बताउनुभयो। इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले पनि देश कुनै दबाबमा नझुक्ने स्पष्ट पार्नुभएको छ। "यदि युद्ध थोपरियो भने हामी लड्छौँ, र यदि संवाद आयो भने संवादमै अघि बढ्छौँ", उहाँको भनाइ उद्धृत गरिएको छ। उता, विदेशमन्त्री अब्बास अराघचीले वार्ता सम्झौताबाट 'इन्च मात्र टाढा' पुगेको दाबी गर्दै अन्तिम समयमा अमेरिकाले अडान बदलेको आरोप लगाउनुभएको छ। यसबीच, तनावको सीधा असर ऊर्जा बजारमा देखिएको छ। अमेरिकी कच्चा तेलको मूल्य प्रतिब्यारेल १०० डलर नाघेको छ भने अन्तर्राष्ट्रिय बजारमा पनि ब्रेन्टको मूल्य तीव्र रूपमा बढेको छ। विश्लेषकहरूका अनुसार खाडी क्षेत्रमा अवरोधको जोखिमले आपूर्ति अनिश्चित बनेपछि मूल्य उक्लिएको हो। क्षेत्रीय स्तरमा पनि द्वन्द्व शान्त हुने सङ्केत देखिएको छैन। लेबनानका प्रधानमन्त्री नवाफ सलामले इजरायल-हिजबुल्लाह युद्ध अन्त्य गर्न प्रयास जारी रहेको बताउनुभएको छ। उहाँले इजरायली सेना फिर्ता गराउने, कैदीहरू मुक्त गराउने र ध्वस्त संरचनाको पुनर्निर्माण गर्ने लक्ष्यमा काम भइरहेको उल्लेख गर्नुभयो। तर इजरायलले भने आफ्नो सैन्य कारबाहीलाई निरन्तरता दिने सङ्केत दिएको छ। प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले दक्षिण लेबनान भ्रमणका क्रममा हिजबुल्लाहबाट आउने खतरा नियन्त्रणमा आएको दाबी गर्नुभयो, यद्यपि 'सुरक्षा क्षेत्रभित्र युद्ध जारी' रहेको स्वीकार गर्नुभयो। संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसन युनिफिलले इजरायली ट्याङ्कले आफ्ना गाडीहरूमा दुईपटक ठक्कर दिएको र दक्षिण लेबनानका केही मार्ग अवरुद्ध गरिएको जनाएको छ। यसले अन्तर्राष्ट्रिय चिन्ता थप बढाएको छ। लेबनानमा जारी आक्रमणका कारण कम्तीमा पाँच जनाको मृत्यु भएको र कुल मृतक सङ्ख्या दुई हजार ५५ पुगेको त्यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ। इजरायलले भने वर्तमान युद्धविराम लेबनानमा लागू नहुने बताउँदै हिजबुल्लाहविरुद्ध कारबाही जारी राख्ने अडान दोहोऱ्याएको छ।

### खाडी नाकाबन्दीले युद्ध थप चर्किने संकेत

तेहरान, ३० चैत (रासस/एएफपी)।

अमेरिका र इरानबीचको तनाव नयाँ उचाइमा पुगेको छ। वार्ता असफल भएसँगै अमेरिकी सेनाले सोमबारदेखि इरानी बन्दरगाहहरूमा नाकाबन्दी लागू गर्ने घोषणा गरेपछि क्षेत्रीय युद्ध थप चर्किने सङ्केत देखिएको छ, जसले विश्वव्यापी अर्थतन्त्र र ऊर्जा आपूर्तिमा गम्भीर असर पार्ने चिन्ता बढाएको छ। पाकिस्तानको इस्लामाबादमा भएको उच्चस्तरीय वार्ता निष्कर्षविहीन बनेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले आफ्नो आणविक कार्यक्रम त्याग्न अस्वीकार गरेको आरोप लगाउनुभयो। उहाँका उपराष्ट्रपति जेडी भान्स वार्ताबाट बाहिरिएपछि ट्रम्पले रणनीतिक महत्त्वको होर्मुज जलडमरूमध्यसँग सम्बन्धित कडा कदम चाल्ने सङ्केत दिनुभएको थियो। अमेरिकी सेन्ट्रल कमान्डका अनुसार सोमबार १४०० जिएमटीदेखि अरबको खाडी र ओमानको खाडी क्षेत्रका सबै इरानी बन्दरगाहहरूमा प्रवेश वा प्रस्थान गर्ने जहाजमाथि नाकाबन्दी लागू गरिनेछ। यद्यपि गैरभरू-इरानी बन्दरगाहतर्फ जाने जहाजहरूको आवागमनमा अवरोध नपारिने स्पष्ट पारिएको छ। ट्रम्पले आफ्नै सामाजिक सञ्जालमार्फत यो निर्णय पुष्टि गर्दै प्रारम्भिक भनाइभन्दा सीमित तर रणनीतिक रूपमा महत्त्वपूर्ण कदम भएको सङ्केत गर्नुभएको छ। यसअघि ट्रम्पले जलडमरूमध्य पूर्ण रूपमा नियन्त्रणमा लिने कडा चेतावनी दिनुभएको थियो। "संयुक्त राज्य अमेरिकाको नौसेनाले होर्मुज हुँदै जाने सबै जहाजहरू रोक्ने प्रक्रिया सुरु गर्नेछ", उहाँले लेख्नुभएको थियो। साथै उहाँले कुनै पनि आक्रमणको कडा जवाफ दिइने चेतावनीसमेत दिनुभएको थियो। इरानले भने यस्तो कदमलाई चुनौती दिएको छ। रिभोलुसनरी गार्ड्सले होर्मुज क्षेत्रमा आफ्नो पूर्ण नियन्त्रण रहेको दाबी गर्दै अमेरिकी कदमलाई प्रतिकार गरिने चेतावनी दिएको छ। इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले आफ्नो देश कुनै दबाबमा नझुक्ने बताउनुभएको छ भने नौसेना प्रमुख सहराम इरानीले अमेरिकी घोषणालाई 'हास्यास्पद' टिप्पणी गर्नुभएको छ। इरानी विदेशमन्त्री अब्बास अराघचीले वार्ता असफल हुनुमा अमेरिकी 'अधिकतम दबाब' नीति र अन्तिम समयमा अडान परिवर्तन जिम्मेवार रहेको बताउनुभएको छ। उहाँका अनुसार सम्झौता 'इन्चको दूरीमा' पुगेको थियो तर नाकाबन्दीको घोषणा भएपछि सम्भावना समाप्त भएको छ। यो घटनाक्रमले फेब्रुअरी अन्त्यदेखि जारी युद्धलाई थप जटिल बनाएको छ। इजरायल र अमेरिकाले इरानमाथि आक्रमण गरेपछि सुरु भएको द्वन्द्वमा हजारौँको ज्यान गइसकेको छ भने विश्व अर्थतन्त्रसमेत प्रभावित भएको छ। पाकिस्तानले मध्यस्थताको प्रयास जारी राख्दै दुवै पक्षलाई युद्धविराम कायम राख्न आह्वान गरेको छ, तर समुद्री नाकाबन्दीले त्यो प्रयास कमजोर बनाउने विश्लेषण गरिएको छ। यसबीच, तेल बजारमा तत्काल प्रभाव देखिएको छ। गत साता घटेको मूल्य सोमबार पुनः बढ्दै डब्लुटीआई र ब्रेन्ट दुवैको मूल्य प्रति ब्यारेल १०० डलर आसपास पुगेको छ। खाडी क्षेत्रमार्फत विश्वको ठूलो भाग तेल आपूर्ति हुने भएकाले यस्तो अवरोधले दीर्घकालीन असर पार्ने अनुमान गरिएको छ। विशेषगरी मित्र राष्ट्रतर्फ जाने ढुवानीलाई प्राथमिकता दिँदै तेहरानले पहिले नै केही जहाजहरूको आवागमनमा नियन्त्रण राख्दै आएको छ। यसले होर्मुज जलडमरूमध्यलाई युद्धको केन्द्रविन्दु बनाएको छ। विश्लेषकहरूले अमेरिकी नाकाबन्दीलाई केवल दबाबको सङ्केत नभई युद्धको पुनः तीव्रता बढाउने कदमका रूपमा व्याख्या गरेका छन्।

## छात्रवृत्ति विवरण ...

अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा उल्लेख भएअनुसार निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालनमा रहेका विद्यालयले विद्यार्थी सङ्ख्याका आधारमा तोकिए बमोजिमका विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।

शिक्षा नियमावली, २०५९ मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नघटाई गरिब, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ भन्ने व्यवस्था गरेको छ । सोही व्यवस्थाअनुरुप सम्पूर्ण विद्यालयहरूले तोकिएबमोजिम छात्रवृत्ति प्रदान गर्न निर्धारित विधिबाट छनौट भई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामावली तत्काल अध्यावधिक गर्न मन्त्रालयले आग्रह गरेको हो ।

यसैगरी छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण सम्पूर्ण अभिभावकले देख्ने सुनिश्चित हुने गरी विद्यालयले सार्वजनिक गर्ने तथा विद्यालयले प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे/नगरेको अनुगमन गरी नगर्ने विद्यालयलाई तत्काल अद्यावधिक गर्न लगाउन आग्रह गरिएको छ । साथै नियमानुसार छात्रवृत्ति प्रदान नगर्ने विद्यालयलाई कानुनबमोजिम आवश्यक कारबाही गर्न सम्पूर्ण स्थानीय तहहरूलाई समन्वय एवं सहजीकरणका लागि अनुरोधसमेत गरेको छ ।

# 'आइतबार पनि स्वास्थ्य सेवा नियमित सञ्चालन गर्नु'

काठमाडौँ, ३० चैत (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य संस्था (अस्पताल)लाई आइतबार पनि नियमित स्वास्थ्य सेवा सञ्चालन गर्न निर्देशन दिएको छ । मन्त्रालयका सहप्रवक्ता डा समिर अधिकारीले केही अस्पतालले सार्वजनिक बिदाको दिन (आइतबार) बहिरङ्ग (ओपिडी) सेवा बन्द गरेकाले सेवाग्राही मर्कामा परेका भन्दै नियमित सञ्चालन गर्न आग्रह गरिएको बताउनुभयो ।

"स्वास्थ्य अत्यावश्यक तथा निरन्तर प्रदान गर्नुपर्ने सेवा भएकाले बिरामीलाई थप सहजता बनाउनुपर्ने आवश्यक छ", उहाँले भन्नुभयो, "त्यही भएर बिरामीहरूलाई असहजता नहोस् भन्ने उद्देश्यले आइतबारको दिन पनि स्वास्थ्य सेवा सञ्चालन गर्ने आग्रह गरिएको हो ।"

सहप्रवक्ता डा अधिकारीले आइतबार पनि स्वास्थ्य संस्था सञ्चालन गर्ने मन्त्रालयको निर्णयप्रति चिकित्सक, स्वास्थ्यकर्मी तथा केही सेवा प्रदायक अस्पतालले राखेका चासोलाई सम्बोधन गर्न मन्त्रालय सकारात्मक एवं प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले चाँडै नै सार्वजनिक बिदाको दिन आइतबार स्वास्थ्य सेवा सञ्चालन गर्ने कार्यविधि जारी गर्ने जानकारी दिनुभयो ।

"नागरिकको सर्वोत्तम हितलाई ध्यानमा राखी स्वास्थ्य सेवाजस्तो संवेदनशील तथा अत्यावश्यक सेवा यथासम्भव निरन्तर रूपमा प्रदान गर्नु हामी सबैको प्रमुख दायित्व हो भन्ने तथ्य पनि उत्तिकै महत्वपूर्ण छ", सहप्रवक्ता डा अधिकारीले भन्नुभयो, "सबै सरोकार भएकाहरूको सहकार्य र समन्वयमा स्वास्थ्य सेवा प्रवाहलाई व्यवस्थित, सन्तुलित र दिगो बनाउने उद्देश्यले आवश्यक कार्यविधि यथाशीघ्र तयार गरी कार्यान्वयनमा ल्याउने तयारी मन्त्रालयले गरिरहेको ब्यहोरा सबैमा जानकारी गराउँदछौँ ।"

सहप्रवक्ता डा अधिकारीले कार्यविधि तयार नभएसम्म बिरामीको हितलाई सर्वोपरि राखी आ-आफ्नो अस्पतालबाट उपलब्ध जनशक्ति र कार्यभारको आधारमा यथासम्भव स्वास्थ्य सेवा प्रवाहको व्यवस्था मिलाउनसमेत अनुरोध गर्नुभएको छ । उहाँले स्वास्थ्यकर्मीको विश्रामको अधिकार सुरक्षित गर्दै अस्पताल सेवा निरन्तर राख्ने सन्तुलित व्यवस्थापन सरकारको प्राथमिकता रहेको बताउनुभयो ।

## प्रशासकीय भवन ...

जनाए ।

उनले हाल पालिकाको ३ वटा वडा कार्यालय र एउटा स्वास्थ्य चौकी भाडाको कोठामा सञ्चालनमा रहेको भन्दै ती कार्यालयहरुलाई हाल प्रयोगमा रहेको पालिकाको कार्यालयमै ल्याइ खर्च घटाउने योजना रहेको समेत सुनाए ।


## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**विश्वनाथ मण्डल**
अध्यक्ष एवं
**जन ज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९, मलेठ, सप्तरी**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष एवं
**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.**
**राजविराज, परिवार**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**शत्रुधन प्रसाद गुप्ता**
अध्यक्ष एवं
**नेपाल सहकारी संस्था लि.**
**राजविराज, परिवार**

## हार्दिक बधाई एवं शुभकामना



यस विद्यालयका छात्र रहनु भएका राजविराज नगरपालिका ९ निवासी **श्री रामजी यादव** सप्तरी क्षेत्र नं. २ बाट प्रत्यक्ष निर्वाचित सांसदमा बिजयी भई नेपाल सरकारको **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री**मा नियुक्त हुनुभएर यस विद्यालयको मात्र नभई आफ्नो संसदीय क्षेत्र र समस्त सप्तरीवासीलाई गौरवान्वित बनाउनु भएको छ । नेपाल सरकारको **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री**को रुपमा **श्री रामजी यादव**को सफल कार्यकालको हार्दिक बधाई तथा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**प्रीमियर सेकेन्ड्री स्कूल परिवार**
**राजविराज ८, सप्तरी**

सूचना ! सूचना !! सूचना !!!

**इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरु यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउंदछौ।**

हाम्रो सेवाहरु:

१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



**सम्पर्क : ०३१-५९०००५**
**९८०४७४२२८०, ९८४२२७०७२४**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*